# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २, अङ्क १६, २०६१ असोज (Sept. 2004)

**यस अङ्कमा**


| | | | |
|---|---|---|---|
| १) | कमलरीका दिन फर्के | तुला अधिकारी | पृष्ठ २ |
| २) | ... बेल पाक्यो हर्ष न विष्मात् | कलेन्द्र सेजुवाल | पृष्ठ ३ |
| ३) | भारीले थिचेको कलिलो जीवन | लोक आङ्ला | पृष्ठ ४ |
| ४) | बहिरा विद्यार्थीको पीडा | भोजराज न्यौपाने | पृष्ठ ५ |


शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू। यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ। *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरूमार्फत् सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं। यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यवसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ। यो फिचर सेवा ***एक्सनएड नेपाल***को आर्थिक सहयोगमा तयार भएको हो।

***शिक्षा लेख सगालो इमेलमा उपलब्ध छ। इमेल प्राप्त गर्नको लागि सम्पर्क गर्नुहोला।***

सम्पादन : राजाराम गौतम

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोन: ४२५७६५५**

**फ्याक्स: ४२१८६८६, अनामनगर, काठमाडौं।**

इमेल : ejg@ntc.net.np, or letter@ejgroup.org

वेवसाइट : www.ejgroup.org

# कमलरीका दिन फर्के

**तुला अधिकारी/दाङ**

दाङ जिल्लाको सोनपुर गाविस नर्तिगाउँकी राधा चौधरी अहिले दिनदिनै स्कुल जान्छिन्। उनलाई यसरी स्कुल गएर पढ्न पाउँला भन्ने रत्तिभर आशा थिएन। ७ वर्षको कलिलो उमेरमा उनी घरदेखि निकै टाढा नेपालगञ्जमा मालिकको घरमा कमलरी बनेर काम गर्थिन्। घरछँदा उनले दुई कक्षासम्म पढेकी थिईन्, त्यत्ति हो। मालिकले काम गर्न लैजाँदा पढाईदिन्छु भनेर सुरुमा स्कुलमा भर्ना पनि गरिदियो तर कहिल्यै स्कुल पठाएन। गत वैशाखमा मालिकको घरबाट मुक्ति पाएकी राधा आजभोली घर नजिकैको सूर्यविनायक निम्न माध्यमिक विद्यालयमा चार कक्षामा पढ्न थालेकी छिन्। उनलाई पहिले अनौपचारिक कक्षामा राखियो र पढाईप्रतिको झुकाव र स्तर हेरेर अहिले चार कक्षामा भर्ना गरिएको छ।

दाङ देउखुरीकी चोलिया थारुको कथा पनि यस्तै छ। उनी अहिले १७ वर्षकी भइन्। उनले नौ वर्षको उमेरमा घर छाडेकी थिइन्। उनी एकजना सरकारी कर्मचारीको काम गर्ने भएर डोल्पा पुगेकी थिइन्। गएको माघमा घर फर्किएर अनौपचारिक शिक्षा र सँगै बाखा पालन गरिरहेकी चोलियाको कष्टकर जीवनले चोला फेरेको छ।

पढ्ने, लेख्ने उमेरमा अर्काको घरमा जुठा भाँडासँग खेल्न बाध्य राधा र चोलिया जस्तै दाङको देउखुरी क्षेत्रका ६ सय जति बालिकाहरु अहिले आफ्नो घर फर्केर पढ्न थालेका छन्। यो अवसर असहाय नानीहरुको साथी नामक स्थानीय गैरसरकारी संस्थाले जुटाइदिएको छ।

कमलरीहरुले खाना पकाउने, जुठा भाँडा माझ्ने, लुगाफाटा धुने, कुचो लाउनेदेखि लिएर मालिकको घरका अरु सम्पूर्ण काम एक्लैले गर्नुपर्थ्यो। त्यसबाहेक कतिले त शारीरिक तथा मानसिक शोषण र यौन दुर्व्यवहारको शिकार समेत हुनुपरेका घटना छन्।

दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका थारु बस्तीमा पुस्तौंदेखि कमलरी प्रथा जारी भएका कारण राधा र चोलियाका जस्तै स्कुल जाने उमेरका सयौं कलिला नानीहरु अर्काको घरका जुठा भाँडासँग खेल्न र शोषित हुन बाध्य छन्। आर्थिक अभाव र पुस्तौंदेखिको चलनका कारण स साना नानीहरुलाई महिनाको ५ ७ सय तलव पाउने गरी कमलरी पठाउन थारु अभिभावकहरु कत्ति पनि हिच्किचाउँदैनन्।

कमलरी प्रथाका कारण कलिला नानीहरुले अर्काको घरमा कडा परिश्रम गर्न बाध्य त हुनु परेकै छ। त्यसबाहेक उनीहरु पढाईबाट समेत वञ्चित हुनुपरेको छ। यसरी पढ्ने उमेरमा अर्काको घरमा श्रम गर्न बाध्य थारु बालिकाहरु दाङ जिल्लाको देउखुरी क्षेत्रमा मात्र कम्तीमा ६ सय छन्। पाँच जिल्लामा त यो संख्या १० हजारभन्दा बढी रहेको अनुमान गरिएको छ। कमैया प्रथाको अन्त्य त भयो। त्यसकै अवशेषका रुपमा रहेको कमलरी प्रथा हटिसकेको छैन तर कमलरीहरुको हकहितको पक्षमा आवाज चाहिं उठ्न थालेको छ।

थारु अभिभावकहरुको आर्थिक समस्याका कारण यो कुप्रथाले फुल्ने अवसर पायो। स्थानीय जमिन्दार, जागिरे, होटलवालाहरुले थारु बालिकाहरुलाई स्कुल पढाइदिने र वर्षको ४ ५ हजार रुपैयाँ दिन्छु भनेर काममा लगाउँछन्। तर, धेरैजसो मालिकहरुले न त स्कुल पठाउँछन् न त भनेजति रुपैयाँ नै दिन्छन्। देउखुरीकी निलम चौधरी भन्छिन्, “पाँच/छ हजार रुपैयाँ, लुगा, गहना दिन्छु र स्कुल पढाई दिन्छु भनेपनि अधिकांशले केही दिदैंनन्। बरु, मानसिक र शारीरिक यातना दिएका छन्।”

कमलरीलाई पढ्ने उमेरभरी काम लिएर १६/१७ वर्ष भएपछि घर फर्काइदिने प्रचलन जस्तै बनेको छ। असहाय नानीहरुको साथी (एफएनसी) संस्थाका सचिव सोम पनेरुका अनुसार, अहिलेसम्म यसले ६ सयभन्दा बढी कमलरी बालिकाहरुको उद्धार गरेको छ। बालिकाहरुको पढाईको स्तर अनुसार अनौपचारिक कक्षा र स्कुलमा भर्नाको व्यवस्था मिलाईदिने गरेका छौं।

कमलरीका व्यथा बुझेर उनीहरुको हकहितको लागि स्थानीय गैरसरकारी संस्थाहरु असहाय नानीहरुको साथी र बेस लागिपरेका छन्। असहाय नानीहरुको साथीले दाङको देउखुरी क्षेत्रका कमलरी लाग्न बाध्य ६ सयभन्दा बढि बालिकाहरु अब आफ्नै घरबाट स्कुल जान थालेका छन्।

मालिकको काम गर्दै थाकेको शरीरमा, गाली त कहिले कुटाइ खानुपर्ने हिजोका शारीरिक तथा मानसिक शोषण व्योहोरेका दिन सम्झेर अहिले उनीहरुलाई नरमाइलो लागे पनि घर बसेर पढ्न पाउँदा भने उनीहरु खुसीले दंग परेका छन्। राधा भन्छिन्, “घर बसेर पढ्न पाउँला भनेर त सपनामा पनि सोचेकी थिइनँ।”

सो संस्थाले उद्धार गरेका ६ सय भन्दा बढी बालिकाहरुमध्ये कतिपय पढ्नमा तेजिला निस्किएका छन् भने कति चाहिं उमेर बढी भएर पढाईमा पछि परेका छन् । सानो उमेरका बालिकाहरु त पढाईमा साह्रै तेज निस्किएका छन् भन्दै एफ.एन.सी. कमलरी उन्मुलन कार्यक्रमका  कार्यक्रम प्रबन्धक मानबहादुर क्षेत्री कतिपय बालिकाहरु स्कुलमा प्रथम द्वितीय समेत भएको बताउँछन् ।

कमलरीका रुपमा आफ्ना चेलिबेटी लैजाँदा पढेलेखेका थारु युवाहरुको चित्त दुख्छ । उनीहरु विरोध पनि गर्छन् । तर, अनेक प्रलोभन दिएर लैजाने धनीमानीहरु उनीहरुलाई धम्क्याउँछन् । त्यसैले उनीहरुको केही जोड चल्दैन । तर अहिले कमलरीलाई छुटाएर पढाउने अभियान संगठित रुपमा सुरु भएपछि थारु अभिभावकहरु खुशी भएका छन् भने मालिकहरु भने चिढिएका छन् । स्थानीय थारु युवा निलम चौधरी भन्छन्, “ठूलाठालुहरु हामीलाई धम्क्याउँदै बालिका लिएर जान्थे अब उनीहरुको उद्धार हुन थालेपछि  बालिकाहरुको श्रम शोषण गर्न नपाउने भएर उनीहरु मुर्मुरिएका छन् ।”

कमलरी बालिकाहरुलाई कामबाट छुटाएर पढाउने अभियान दाङको देउखुरी क्षेत्रमा मात्र सुरु भएको छ । र, यो समस्या दाङ सहितका पाँच जिल्लामा नै विकराल छ । तसर्थ यस्तो अभियान सबै जिल्लामा फैलनुपर्ने आवाज उठिरहेको छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

⁂

# ... बेल पाक्यो हर्ष न विष्मात्

**कलेन्द्र सेजुवाल/सुर्खेत**

एक लाख रुपैयाँ पाउने आशामा समुदायमा हस्तान्तरित भएको सुर्खेतको हस्तवीर प्राथमिक विद्यालयलाई अहिले त्यो रुपैयाँ  कौवालाई बेल पाक्यो हर्ष न विष्मात्' भएको छ ।

हस्तान्तरित भएको एक वर्षपछि जिल्ला शिक्षा कार्यालयबाट सो रकम त पाइयो, तर त्यसलाई के गर्ने र कुन आधारमा के काममा खर्च गर्ने ? विद्यालय अन्यौलग्रस्त छ । विद्यालयका प्रधानाध्यापक (प्रअ) कृष्णप्रसाद दाहाल भन्छन्, “हामीले त्यो रकम पूर्वाधार निर्माणको लागि पाइने आशा राखेका थियौं तर जिल्ला शिक्षा कार्यालय (जिशिका)ले खाली चेक दियो, प्रयोजन बताएन ।” सो रकम विद्यालयको वचत खातामा राखेको बताउँदै प्रअ दाहालले जिशिकाको निर्देशन बेगर खर्च गर्न गाह्रो हुने बताए ।

सरकारले विद्यालयलाई समुदायमा हस्तान्तरण गर्ने प्रक्रिया सुरु भएपछि पहिलो चरणमै हस्तान्तरित सो विद्यालयको भौतिक अवस्था साह्रै दयनीय छ । प्राप्त रकम भौतिक पूर्वाधार निर्माणमा खर्च गर्न हुने/नहुने थाहा नपाएकोले विद्यालय प्रशासनले अनुदानवापत् पाएको एक लाख चलाएको छैन । प्रअ दाहाल आशंका व्यक्त गर्छन्, “एउटा शीर्षकमा खर्च गरिएला तर भोलि रकम फिर्ता माग्यो भने के गर्ने ?”

त्यसो त सरकारले समुदायद्वारा सञ्चालित हुने विद्यालय संचालन गर्न छुट्टै कार्यनिर्देशिका जारी गरेको छ । तर, सामुदायिक विद्यालय कार्यनिर्देशिका २०५९ को कार्यान्वयन अप्रभावकारी र निर्देशन प्रष्ट नभएको गुनासो सुनिन थालेको छ । त्यसकारण हस्तवीर प्रावि जस्ता अरु थुप्रै समुदायले व्यवस्थापन सञ्चालन गरेका विद्यालय अहिले अप्ठ्यारोमा परेका छन् ।

हस्तवीर प्राविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष पूर्णप्रसाद पौडेल भन्छन्, “हामी अभिभावक भेला गराएर सो रकम खर्च गर्छौं र पछि फिर्ता मागेमा त्यो रकम त होइन विद्यालय नै फिर्ता दिन्छौं ।” विद्यालय हस्तान्तरण भएपछि सरकारले सहयोग गर्न छोडेको तीतो अनुभव पौडेलको छ । वीरेन्द्रनगर नगरपालिकाभित्रै रहेको यस विद्यालयमा त २ वर्षदेखि जिशिकाले निरीक्षण र अनुगमन गरेको छैन भने सदरमुकाम बाहिरका विद्यालयको के हालत होला ! पौडेलको आग्रह छ, “सरकारको यो व्यवहार देख्दा ऊ शिक्षा क्षेत्रबाट पन्छिन खोजेको भान हुन्छ । यदि त्यसो हो भने विद्यालय सामुदायिकीकरणको यो प्रयोग तुरुन्त बन्द गरियोस् । बाह्य दाताको इशारामा नेपालको शिक्षा क्षेत्रलाई प्रयोगशाला नबनाइयोस् ।”

एक लाखको अन्यौलतामा मात्र होइन व्यवस्थापन हस्तान्तरणसम्बन्धी उल्लेखित कार्यनिर्देशिकाका अन्य थुप्रै कुरासमेत सरकारले कार्यान्वयन गरेको छैन । व्यवस्थापनबाट पूर्ण रुपमा पन्छिए पनि आर्थिक मामिलामा भने

उसको कन्जुस्याईं यथावत् रहेको हस्तान्तरित विद्यालयका शिक्षकहरु बताउँछन् । निर्देशिकाले भने बमोजिम हुने हो भने हस्तवीर प्राविले प्रशासनिक खर्च ११ हजार र मसलन्द खर्च प्रतिशिक्षक रु. ३ सयका दरले वार्षिक एकमुष्ट ५ लाख २० हजार रुपैयाँ पाउनुपर्छ । तर जिशिकाले अहिले पनि सो रकम एकमुष्ट दिएको छैन । पहिले जस्तै गरेर चौमासिक रुपमा निकासा गरिरहेको छ । यसबाट आर्थिक रुपमा सम्पन्नशाली हुने विद्यालयको सपना विपना बन्न सकेन । एक शिक्षक भन्छन्, "यदि वर्षभरीको रकम एकमुष्ट दिने हो भने त्यसलाई हामी अन्य काममा खर्च गरेर थप आर्जन गर्न सक्थ्यौं । जसबाट विद्यालयको आर्थिक स्रोतमा ठूलो टेवा पुग्थ्यो ।"

पाउने पैसा नियम विपरित पाएको र पाएर पनि अन्यौलता थपिएको कुरा त आफ्नै ठाउँमा छ। निर्देशिकामै उल्लेखित रकमसमेत नपाउँदा सरकारको यस नीतिप्रति थप शंका उत्पन्न भएको छ। जारी निर्देशिकाको परिच्छेद १३ मा प्रोत्साहन अनुदान शीर्षकमा स्पष्ट लेखिएको छ, "सम्झौता हुनुअघि समुदाय परिचालन गर्नको लागि प्रत्येक विद्यालयलाई एकमुष्ट रकम रु. १० हजार र हस्तान्तरण भएको अर्को आर्थिक वर्षमा एकपटक एकमुष्ट ५ हजार दिइनेछ ।"

तर विडम्बना संसद्का २ सय ५ जना सांसदले ताली पड्काएर पारित गरेको यतिका वर्ष बित्दासमेत निर्देशिका बमोजिम कुनै पनि विद्यालयले १५ हजार रुपैयाँ प्राप्त गर्न सकेका छैनन् । "एउटा प्राविको लागि १५ हजार रुपैयाँ सानो रकम होइन । यसले धेरै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नमा ठूलो सहयोग पुऱ्याउन सक्दछ । यसपट्टी ध्यान दिएन ।"

यसरी सरकारी नीति कार्यान्वयनमा आफैं असफलसिद्ध भएपछि समुदायमा जाने विद्यालयको संख्या बढ्ने होइन घट्ने निश्चित छ। सरकारले दाशौं पञ्चवर्षीय योजना अवधिभर करिब ८ हजार सार्वजनिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने लक्ष्य राखेको छ । र, यसको लागि आर्थिक वर्ष २०६०/०६१ देखि विश्व बैंकको सहयोगमा ३ वर्षे सामुदायिक विद्यालय सहयोग आयोजना सुरु गरेको छ। सरकारले यहि कार्यक्रम अनुरुप हालसम्म सुर्खेत जिल्लाका २३ वटा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिसकेको छ। यद्यपि हस्तान्तरित विद्यालयले आशा गरेअनुरुप सरकारबाट सहयोग प्रोत्साहन पाउन सकेका छैनन् । जसको फलस्वरुप अभिभावकमा उत्साह होइन निराशाले डेरा जमाउँदै लगेको आभास मिलेको छ। सुर्खेतका हस्तान्तरित सबै विद्यालयको अवस्था हस्तवीर भन्दा पनि नाजुक छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

ᛕᛕ

# भारीले थिचेको कलिलो जीवन

**लोक आङ्ला/धनकुटा**

धनकुटा साङताङकी कमली राई १० वर्षकी भइन् । तैपनि उनले अहिलेसम्म विद्यालयको दैलो टेकेकी छैनन् । दिनहुँजसो दाउरा र मौसमअनुसारको सब्जिको भारी लिएर धनकुटा बजार आउने कठिन काम नगरी उनलाई धरै छैन । आफ्नो ओजनभन्दा भारी किताबको झोला बोक्ने राजधानीका बालबालिकाको भन्दा ठ्याक्कै विपरित भाग्य लिएर जन्मेकी छिन् उनी । उनको पिठ्यूमा झोलाको सट्टा दाउराको भारी हुनेगर्छ ।

तर, यसरी आफूभन्दा ठूलो भारी बोक्ने उनी एक्ली भने होइनन् । कमलासँगै साङताङबाट बालबालिकाहरुको हुल घाम झुल्किन नपाउँदै दाउरा र सब्जिको भारी बोकेर धनकुटा बजार झुल्किन्छन् । प्रायः धेरैजसो बालबालिकाहरुको दिनचर्या भइसकेको छ दाउरा र सिजन अनुसारको सागसब्जि धनकुटा बजारमा बेचबिखन गर्नु । उनीहरु पढ्नुभन्दा पनि दाउरा बेच्दै हिंड्नु नै बढी मन पराउँछन् । किनकी त्यसमा उनीहरु अभ्यस्त भइसके ।

नगरपालिकाभित्रको गाउँ भएर पनि साङताङका धेरैजसो बालबालिकाहरुले पढ्न, लेख्न पाएका छैनन् । उनीहरुलाई पढ्नुपर्छ भनी सम्झाउने नभएर पनि तिनको झुकाव कम भएको हो । दिनभर गाउँ नजिकैको जंगलबाट दाउरा ल्याइ आफ्ना बाआमालाई घर खर्चका लागि बेचेर सघाउने गर्छन् । साइला आठपहरिया राई भन्छन्, "स्कुल गयो भने मिठाई खान पाइदैंन तर दाउरा खोजेर बेच्यो भने आफूले भनेजस्तो मिठाइ खान पाइन्छ । त्यसैले स्कुल जानुभन्दा त दाउरा खोज्न जंगल जानु नै रमाइलो लागेर आउँछ ।"

आर्थिक विपन्नता र अभिभावकहरुमा शैक्षिक चेतनाको कमीले बालबालिकाको पढाइतिर थोरैले मात्र भाग्यले स्कुल टेक्न पाएका छन् । स्कुल टेक्न पाएका बालबालिकाहरु पनि बालविवाहको प्रचलनले निम्न माध्यमिक तहसम्मको पढाइ पार गर्न हम्मेहम्मे परेको छ । फाट्टफुट्ट मात्रामा दुईचार जना बाहेक अरुले एसएलसीसम्म पास गर्नसकेका छैनन् ।

हुन पनि धनकुटा नगरपालिकाभित्रका अरु गाउँको तुलनामा यो गाउँ निकै पछि परेको छ । धनकुटा नगरपालिकाका अन्य वडा, चोक र गाउँहरुको तुलनामा जनसंख्याको औषतमा ६७ प्रतिशतभन्दा बढी निरक्षर छन् । यहाँ बसोबास गर्ने आठपहरिया राईहरु मात्र होइनन्, अन्य जातिका बालबालिकाहरुको अवस्था पनि आठपहरिया बालबालिकाहरुभन्दा केही फरक छैन । तर, राइहरुको बाहुल्यता छ ।

यो गाउँमा ८० प्रतिशत बढी आठपहरिया राई जातिको बसोबास रहेको छ । प्रायःजसो सबै आफ्नै मातृ भाषा बोल्छन् । यहाँका बूढाबूढीले नेपाली भाषा बोल्न जान्दैनन् । साङताङका शिक्षक बजिरमान राई भन्छन्, “मातृभाषाकै कारणले गर्दा विद्यालय जाने बालबालिकाहरुको पढाइ र लेखाइमा पनि असर पुगेको छ ।”

जनसंख्याको आधारमा हेर्ने हो भने ५६.५६ प्रतिशत धनकुटेलीहरु साक्षर छन् । यो समग्र जिल्लाभरको साक्षर प्रतिशत हेर्दा साङताङ्गेलीहरु पुरै निरक्षर देखिन्छन् । यसरी निरक्षर साङताङ्गेली प्रतिशत बढी हुनुको कारण गैरसरकारी संघसंस्थाहरु गाउँमा छिर्न नसक्नु पनि हो । यदि साङताङ गाउँमा छिरिहाले तापनि कार्यक्रम सञ्चालन गर्न नसक्नु पनि अर्को कारण हो । केही ठाउँहरुमा बाहेक यहाँ सरकारी प्रौढ शिक्षा पनि सञ्चालन हुनसकेको छैन ।

साङताङबाट धनकुटा बजार उक्लन आधा घण्टा मात्र लाग्छ । तैपनि यस गाउँका बालबालिकाहरु शिक्षाबाट धेरै वञ्चित छन् । टेकुनाला प्राथमिक विद्यालयका शिक्षक शुक्र लिम्बू भन्छन्, “साङताङका आठपहरिया राईहरु विपन्न छन् । त्यसैले पनि उनीहरुले आफ्ना छोराछोरीहरुलाई स्कुल पठाउन सकिरहेका छैनन् चाहँदाचाहँदै पनि । चिट्ठामा पढ्न पाएका बालबालिकाहरु पनि नवौं कक्षा पास गर्न पाउँदानपाउँदै विवाह बन्धनमा बाँधिइहाल्छन् । अनि कसरी एसएलसी पास गर्न सक्छन् त ?”

तर, केही वर्ष अघिदेखि शैक्षिक चेतना जागरण गर्ने उद्देश्यले आठपहरिया राई समाज नेपाल धनकुटामा क्रियाशील छ । यस समाजले धेरै रचनात्मक कार्यहरु सञ्चालन गरिसकेको छ । शैक्षिक चेतना जागरणको अलावा सांस्कृतिक, भाषिक तथा ऐतिहासिक स्थल आठपहरिया जातिको संरक्षणको निम्ति तल्लिन छ । यो समाज यो शैक्षिक कार्यक्रमले केही हदसम्म साङताङमा बसोबास गर्ने आठपहरिया राईहरुको शैक्षिक चेतना जागृत गर्ने कुरामा आठपहरिया राई बुद्धिजीवीहरु विश्वस्त छन् ।

हुन पनि यो समाजले थुप्रै शैक्षिक कार्यक्रमहरु तय गरेको छ । आठपहरिया राई समाजका पूर्व महासचिव भन्छन्, “अहिले नै हामीहरुले लागू गरेको बस्तीहरुमा अभिभावकहरुको आँखा खुलिसकेको छ । त्यसैले केही वर्ष पछि नै साङताङका बालबालिकाहरुमा अप्रत्यासित रुपले शैक्षिक परिवर्तन आउने छ ।”

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# बहिरा विद्यार्थीको पीडा

**भोजराज न्यौपाने/पोखरा**

सवलाङ्ग सरह पढ्ने रहर भएपनि पोखरा वैदामकी अमृता पहारीले क्याम्पसमा पढ्न सकिनन् । उनी नियमित क्याम्पस जान्थिन् तर पढाएको सुन्न नसकेकाले पढाइ नै छाडिन् । पोखराकै हेमराज विकले एसएलसीपछि पढाई त्यही कारणले छोड्न बाध्य हुनुपऱ्यो । अघिल्लो साल एसएलसी पास गरेका हेमराजलाई पढेर बहिरा विद्यालयमै पढाउने इच्छा थियो । तर सांकेतिक भाषामा पढाउने क्याम्पस नभएकाले उनको रहर त्यत्तिकै तुहियो । अहिले उनी सिकर्मी काम गर्छन् ।

सावित्री र हेमराजकै जस्तो पीडाले अर्जुन श्रेष्ठलाई पनि पिरोलेको छ । दुई वर्षअघि एसएलसी पास गरेका उनलाई क्याम्पस पढ्न मन लाग्यो । तर क्याम्पसमा पढाएको सुन्न नसकेपछि पढाएको के अर्थ ? तैपनि उनी

जनप्रिय क्याम्पस भर्ना भए। "क्याम्पस गयो पढाएको सुनिदैंन कसरी बुझ्ने ?" उनले दोभाषे मार्फत् भने, "हामीलाई पनि सवलाङ्ग सरह पढ्ने वातावरण मिलाउन छुट्टै क्याम्पस र पाठ्यक्रम चाहिन्छ।"

प्रवेशिकासम्म उत्तीर्ण भएका अरु थुप्रै विद्यार्थीले बहिराको छुट्टै पाठ्यक्रम आवश्यक महशुस गरेका छन्। त्यसो त पोखरामा एसएलसी पास नहुने बहिरा विद्यार्थी पनि नभएका होइनन्। उनीहरुको समस्या पनि उस्तै छ। तीन वर्षदेखि एसएलसी परिक्षामा सामेल भएको सृजना माविवाट यस वर्ष परीक्षा दिने चारैजना बहिरा विद्यार्थी एसएलसीमा अनुत्तीर्ण भए। ती सबैजना गणित विषयमै फेल भए। लेखनाथ नगरपालिकामा रहेको सो विद्यालयका प्रधानाध्यापक पुष्पराज गिरी भन्छन्, "गणित विषयका शिक्षकले १० कक्षाको परीक्षा सुरु हुनु तीन महिना अघि नै विद्यालयमा काम छाडेपछि ती विद्यार्थी फेल भए।"

सृजना माविबाट अहिलेसम्म १३ जना बहिरा विद्यार्थीले एसएलसी परिक्षा दिइसकेका छन्। ती मध्ये ६ जनाले एसएलसी उत्तीर्ण गरे। बाँकीले आफ्ना अभिभावकलाई खुशी तुल्याउन सकेका छैनन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर थापाका अनुसार, जिल्ला शिक्षा कार्यालयबाट माविको दरबन्दी नै नदिएपछि थोरै तलबमा अरु नै शिक्षक खोजेर पढाउनुपर्ने बाध्यता छ। "खोजिएका शिक्षकले राम्रो अवसर कतै पाए भने विद्यालय छाडिहाल्छन्," थापा थप्छन्, "स्थायी दरबन्दी नभएसम्म सांकेतिक भाषा जानेको शिक्षकले मात्रै समस्या समाधान नहुने देखिएको छ।"

नेपालमा २० लाख अपाङ्गमध्ये सात लाखको हाराहारीमा बहिरा रहेको सरकारी तथ्याङ्क छ। तर देशभरीमा शिक्षा लिनेको संख्या भने दुइ हजार हुनसक्ने गण्डकी बहिरा संघका अध्यक्ष राजेन्द्रप्रसाद शर्मा अनुमान गर्छन्। संघले सिर्जना बहिरा माविलाई सहयोग पुऱ्याउँदै आएको छ। बहिरालाई व्यवसायिक तालिम दिनुपर्ने धारणा संघका कार्यक्रम संयोजक हेम राईको छ। "उनीहरुलाई आत्मनिर्भर बनाउने तालिम नदिने हो भने समस्या पर्छ" उनको भनाई छ।

जिल्ला शिक्षा कार्यालयले दरबन्दीमा पठाएका शिक्षकले पनि सांकेतिक भाषा नजानेपछि विद्यालयमा समस्या देखिएको अनुभव प्रधानाध्यापक गिरीको छ। बहिरालाई पढाउने शिक्षकले बोलेर पढाउन थालेपछि शिक्षक विश्वराज बास्तोलालाई विद्यालयकै अरु काममा खटाउनुपरेको थियो। जिल्ला शिक्षा कार्यालय कास्कीका अधिकृत नारायणप्रसाद सुवेदीका अनुसार जिल्लामा दरवन्दी नै कम भएकाले बहिरा विद्यालयलाई समेत दरबन्दी दिन नसकिएको हो।

आफू पनि क्याम्पसमा पढ्न जाँदा पढाएको नबुझेपछि पढाई नै छाड्नु परेको संघका महासचिव सूर्यमोहन बरालले बताए। बहिराले विद्यालयमा नबुझेको कुरा घरमा पनि सोध्नुपर्ने भएकाले अभिभावकले समेत सांकेतिक भाषा सिक्नुपर्ने उनी बताउँछन्। प्रधानाध्यापक गिरीका अनुसार विज्ञान, गणित, सामाजिक र साहित्यिक क्षेत्रसँग सम्बद्ध विषयमा बहिरालाई बुझाउनसक्ने शब्द नै नभएकाले उनीहरु कविता, कथा, विज्ञान र गणित विषय बुझ्न नसक्ने भएका हुन्।

पश्चिमी मुलुकमा बहिराहरुका लागि १० हजारभन्दा बढी शब्द हुनेगर्छ। नेपाली भाषामा भने २५ सय शब्द मात्रै भएकाले कतिपय शब्दहरु दोहोरिने र एउटै अर्थ लाग्ने गरेका छन्। "हामीसँग शब्द नै कम छ," गिरी थप्छन्, "उस्तै अर्थ लाग्ने र वैज्ञानिक नभएकाले समस्या भएको छ, यसै त अभिनय गरेर बुझाउनुपर्छ। त्यसमा पनि चाहिने शब्द नहुँदा कसरी बुझाउने ?"

हाल बहिराकै लागि देशभरीका एक सय ३५ वटा विद्यालयमा एउटा कक्षा बहिराका लागि छुट्याइएको छ। शिक्षा विभागका सहसचिव दिवाकर अवस्थी यस वर्षदेखि क्याम्पस तहमा दोभाषेको व्यवस्था गर्न लागिएको बताउँदै भन्छन्, "दोभाषेको व्यवस्था गर्ने सोच अघिल्लै वर्षको हो तर त्यो बेलामा क्याम्पसहरुले त्यसका लागि सम्पर्क गरेनन्।" तर नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघकी दोभाषे ममता श्रेष्ठका भनाईमा महासंघबाट दोभाषेका लागि पत्राचार गरेकोमा सरकारले नै चासो नदेखाएको हो। देशभरीमा दुईवटा मात्र बहिरा मावि रहेका छन्। त्यस बाहेक प्रावि र निमावि तहमा त अरु पनि धेरै विद्यालय रहेका छन्। विद्यालय र क्याम्पस तहमा छुट्टै पाठ्यक्रमको व्यवस्था गर्न जरुरी भएको यस क्षेत्रमा कार्यरत जानकारहरु बताउँछन्।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*